# महान्यायाधिवक्ताको कार्यालय

## नेपाल

(........कर्मचारी प्रशासन........ शाखा)

पत्र संख्या :- २०८२/०८३

चलानी नं. :- 639

रामशाहपथ, काठमाडौं

मिति :- २०८२।०७।२६

ने.सं. ११४६ कछलागाः ८

विषयः अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धमा।

श्री जिल्ला सरकारी वकील कार्यालय(सबै)।

उपर्युक्त सम्बन्धमा अनुचित लेनदेन(मिटरब्याज) सम्बन्धी समस्या समाधानका लागि गठित जिल्लास्तरीय संयन्त्र(समिति) को कार्यसम्पादनमा प्रभावकारिता बढाउन यसै पत्र संलग्न गृह मन्त्रालयको च.न. ६७९ मिति २०८२/०७/२३ को पत्र बमोजिम गर्नु गराउनु हुन अनुरोध छ।

(विश्वास तिमिल्सिना)
सहायक न्यायाधिवक्ता

नेपाल सरकार

# गृह मन्त्रालय

गुनासो व्यवस्थापन शाखा

महान्यायाधिवक्ताको कार्यालय
मूल दर्ता नं.: ८२८३
दर्ता मिति: ८।२३
फाँटको दर्ता नं.:

पत्र संख्या:-
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ६६९

सिंहदरवार,
काठमाडौं, नेपाल।

नेपाल सरकार
गृह मन्त्रालय

मिति : २०८२/०७/२३

श्री जिल्ला प्रशासन कार्यालय,
सबै।

विषय: अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जिल्लास्तरीय संयन्त्रको प्रभावकारिता बढाउने सम्बन्धमा।

नेपाल सरकारले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी पिडीतहरूको समस्या समाधान गर्ने उद्देश्यले समय समयमा यस सम्बन्धी आयोगहरू गठन गरी कार्य गर्दै आएको र जस अन्तरगत मिति २०७९।१२।२० मा श्री गौरी बहादुर कार्कीको अध्यक्षतामा, मिति २०८०।१२।०८ मा श्री तेज बहादुर कार्कीको अध्यक्षतामा र पछिल्लो पटक मिति २०८१।११।२६ मा श्री बाबुराम रेग्मीको अध्यक्षतामा गरी ३ वटा आयोगहरू गठन गरी कार्य सम्पादन गरे, गराएको बिदितै छ। सरकारले अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी कारोबारलाई कसुर कायम गर्दै २०८० साउन १२ गते संघीय संसदबाट मुलुकी अपराध संहिता, २०७४ मा दफा २४९ क थप गरी कानूनी व्यवस्था गरेको छ।

अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी समस्या समाधानका लागि ७७ वटै जिल्ला प्रशासन कार्यालयमा सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला प्रहरी कार्यालयको प्रहरी नायब उपरीक्षक वा प्रहरी निरीक्षक र जिल्ला सरकारी वकिलको कार्यालयबाट प्रतिनिधि रहेको जिल्लास्तरीय संयन्त्र (समिति) क्रियाशिल छ। तथापी अधिकांश जिल्लाहरूमा उल्लिखित जिल्लास्तरीय संयन्त्र आयोगको कार्य अवधि सकिएसँगै निश्क्रिय हुने गरेको पाइएकोले उक्त समितिले निरन्तर रुपमा प्रभावकारी तवरले कार्यसम्पादन गर्न देहाय बमोजिम गर्नु गराउनु हुन निर्णयानुसार अनुरोध छ।

देहाय:

१. अनुचित लेनदेन (मिटरब्याज) पिडीतका लागि जिल्ला प्रशासन कार्यालयमा स्थापना भएको सहजीकरण डेस्कलाई निरन्तर रुपमा सञ्चालन गर्ने।
२. अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी पिडीतका समस्या समाधान गरेर निजहरूलाई न्याय दिने उद्देश्यकासाथ मुलुकी संहिताहरूमा संशोधन गरिएकोले त्यसै पृष्ठभूमिमा संशोधित कानूनी व्यवस्था अनुसार पीडित पक्षका गुनासा संबोधन गर्ने।
३. अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी विषयलाई समग्र निर्देशन, समन्वय र सहजीकरण गर्न प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा जिल्ला न्यायाधिवक्ता सदस्य र जिल्ला प्रहरी प्रमुख सदस्य रहेको अनुचित लेनदेन सम्बन्धी समन्वय तथा सहजीकरण समिति गठन गरी कार्य प्रभावकारिता बढाउने।
४. जिल्लास्थित संघ र प्रदेशका कार्यालय तथा स्थानीय तहहरूसँग आवश्यकता अनुसार समन्वय गरी अनुचित लेनदेन सम्बन्धी जनचेतनामूलक कार्यक्रमहरू संचालन गर्ने।

नेपाल सरकार

# गृह मन्त्रालय

गुनासो व्यवस्थापन शाखा

पत्र संख्याः-

प्राप्त पत्र संख्या र मितिः-

सिंहदरवार,
काठमाडौं, नेपाल।

च.नं.:- ५. विवाह, ब्रतबन्ध लगायतका सामाजिक परम्पराहरू सकेसम्म कम भड्किलो बनाउन समन्वय, सहजीकरण तथा विशेष पहल गर्ने।

६. गरिबहरू बैंकको ऋण तिर्न सक्षम र इमान्दार छन् (Poors are Bankable) भन्ने मान्यता राखी स्थानीय तह वा वडाको सिफारिशमा आर्थिक अवस्था न्यून रहेका वर्गलाई विना धितो ऋण प्रदान गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने। साथै ऋणको ब्याज छुटका लागि बैंक तथा वित्तिय संस्थाहरूको संस्थागत सामाजिक उत्तरदायित्व (Corporate Social Responsibility) मार्फत व्यहोर्ने व्यवस्था गर्न पहल गर्ने।

७. अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी पिडीतहरू अदालतको निर्णय बमोजिम (मुद्दाका कारण) जरिवाना, ठहर, बिगो कायम र कारागार चलान भएको सन्दर्भमा त्यस्ता वास्तविक पिडीतलाई जिल्लास्तरीय संयन्त्रको सिफारिसमा कारागार प्रमुखले प्रचलित कानून बमोजिम पुनरावलोकन तथा माफी मिनाहाका लागि कारागार व्यवस्थापन विभाग र गृह मन्त्रालयमा लेखी पठाउने व्यवस्था मिलाउने।

८. मिटरब्याज पिडीत भई आफ्नो जायजेथा, चलअचल सम्पत्ति सबै गुमाई पूर्ण रुपमा सुकुम्बासी, घरवारबिहिन भएको सन्दर्भमा प्र.जि.अ. को संयोजकत्वमा रहने समन्वय तथा सहजीकरण समितिले सम्बन्धित स्थानीय तह तथा अन्य निकायसँग समन्वय गरी त्यस्ता पिडीतको पुनर्स्थापना गर्न पहल गर्ने।

९. उजुरी परेको ऋणदाता, साहुले भर्नुपर्ने फाराम अनिवार्य रुपमा भर्नु पर्ने बाध्यात्मक व्यवस्था गर्ने।

१०. मिलापत्र गर्दा सकेसम्म मुलुकी देवानी कार्यविधि संहिता, २०७४ को दफा ४७८(२) बमोजिम साहुले ऋणीबाट सावा रकमको १०% भन्दा बढी नहुने गरी ब्याज कायम हुने गरी गर्ने। तर साहु र ऋणी मञ्जुर भएमा आपसी सहमतीमा उल्लेख भएबमझोजिम कायम गर्न सकिने।

११. उजुरीको प्राथमिकीकरण तथा वर्गिकरण गरी उजुरी फछ्र्यौट तथा मिलापत्र गरी सकेसम्म छिटो सहजीकरण गर्ने।

१२. पीडक र पिडीतसँग फोन सम्पर्क हुन नसकेमा वा फोन सम्पर्क भएपनि छलफलमा सहभागी नहुनेका उजुरी तामेलीमा राख्ने।

१३. कतिपय पिडकले पिडीतमाथि नै मुद्दा दायर गरेको कारण पक्राउ पूर्जी जारी गरेको भए त्यस्ता पीडितलाई छलफलमा आउने वातावरण मिलाउने।

(प्रेम प्रसाद दाहाल)
उपसचिव

<u>बोधार्थ तथा कार्यार्थः</u>

श्री प्रहरी प्रधान कार्यालय नक्साल, काठमाडौं :- यस सम्बन्धमा तहाँ मातहतका जिल्ला कार्यालयहरुलाई पत्राचार गरिदिनु हुन ।

श्री महान्यायाधिवक्ताको कार्यालय, रामशाहपथ, काठमाडौं :- यस सम्बन्धमा तहाँ मातहतका जिल्ला कार्यालयहरुलाई पत्राचार गरिदिनु हुन ।